स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री मलिका महतलाई आउँदो वर्ष फाप्ने देखिन्छ । फिल्म 'सतीदेवी'मा निर्वाह गरेको भूमिकालाई लिएर चर्चा बटुलेकी उनले रंगमंच डेब्यु गर्दैछिन् । उनको पहिलो नाटक 'पागल घोडा'को मंचन पुस १२ गतेदेखि मण्डला थिएटरमा हुँदैछ । मानसिक स्वास्थ्यको कथावस्तु पेश गर्ने यो नाटकमा मलिकासहित आशान्त शर्मा, प्रमोद अग्रहरि, विजय ताम्राकार र अभिनेत्री केकी अधिकारीका भाई विम्वले अभिनय गर्दैछन् ।

**आजको विचार...**



जगन्नाथ पन्त

जो...
(दुई पेजमा)



अभिनेता अनमोल केसी पोखरामा फिल्म 'फर्की फर्की'को छायांकन गरिरहेका छन् । फिल्ममा उनको जोडी अभिनेत्री जसिता गुरुङसँग बाँधिएको छ भने सुयोग गुरुङले निर्देशन गरिरहेका छन् । छायांकनकै क्रममा एउटा रोचक भेटघाट भएको छ । अनमोल र गण्डकी प्रदेशका सांसद तथा पूर्वमन्त्री राजीव गुरुङ (दीपक मनाङे) आमने-सामने भएका हुन् । फिल्मका प्रडक्सन म्यानेजर शंकर पाण्डेले आफ्नो फेसबुकमा सेअर गरेको तस्वीर तथा भिडियोमा अनमोल र दीपकबीच रमाइलो कुराकानी भैरहेको देखिन्छ ।

❒ वर्ष २९ ❒ अंक १३४ ❒ २०८० मंसिर २६ गते मंगलबार 12 December 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# एउटै गाउँबाट साढे दुई करोडको आलुको बीउ बिक्री

**रासस**

**गल्याङ,** मंसिर २५/स्याङ्जाको गल्याङ नगरपालिका-११ जिमुहाँस्थित जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडबाट यो वर्ष दुई करोड ६० लाखको बीउ आलु निर्यात भएको छ ।

जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडका अध्यक्ष रुमलाल कँडेलले दुई सय ८४ जना कृषकले भण्डारण गरेको चार सय टन आलुको बीउ निर्यात गरेको बताए । जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडमा दुई सय ८४ जना सक्रिय कृषकसहित पाँच सय चार जना अन्य सेयर सदस्य आवद्ध छन् । गत वर्ष खानेसहित बीउ आलु सात सय टन निर्यात भएको उनले बताए । 'यहाँ उत्पादित आलुको बीउ स्याङ्जासहित, पाल्पा, पर्वत, गुल्मी, बागलुङ, म्याग्दी, कास्की, लमजुङ, खोरखा, रुपन्देही, अर्घाखाँची, तनहुँलगायत जिल्लाका कृषि ज्ञान केन्द्रले खरिद गरेका छन्', अध्यक्ष कँडेलले भने, 'यी बाहेक अन्य जिल्लाका करिब ३० पालिकामा बीउ आलु निर्यात गरेका छौँ, आलुको गुणस्तर राम्रो भएकाले जातअनुसार ६५ देखि ७० टन



सम्म सजिलै बिक्री भएको छ ।' यहाँ डेढ सय हेक्टर क्षेत्रफलमा खुमल रातो, मुखल उज्ज्वल, जनकदेव, एनएस दशमलव तीन, कार्डिललगायत राष्ट्रिय आलुबाली अनुसन्धान केन्द्रले अनुमोदन गरेका आलु उत्पादिन गरिन्छ । उनले आलु उत्पादक किसान भेला भएर बर्सेनि खाने र बीउ आलुको मूल्य निर्धारण भएपछि बजारमा पठाउने बताए । 'सहकारीले बजारीकरणमा सहयोग गर्ने भएपछि यहाँका किसान आलु उत्पादनमा हौसिएका छन्', कँडेलले भने, 'आलुको गुणस्तर राम्रो भएकाले आलु खोसाखोस हुन्छ, माग धान्नै सकिँदैन ।' 'जिमुहाँको मुख्य पेसा आलु उत्पादन हो, आलु उत्पादन गरेका यहाँका प्रत्येक परिवार आत्मनिर्भर छन्', उनले भने 'आलु र सागसब्जी फलाएर एकल महिलाले पनि वार्षिक पाँच लाखसम्म कमाउने गरेका छन् । अध्यक्ष कँडेलका अनुसार यहाँ तीन सय किलोदेखि ४० टनसम्म आलु उत्पादन गर्ने कषक छन् । स्थानीय ७१ वर्षीय कृषक ज्योतिलाल ढकालले जिमुहाँमा सिँचाइ सुविधा आएदेखि बसाइँसराइ रोकिएको बताए । उनले यहाँका सामान्य परिवारले पनि आलु र अन्य सागसब्जी उत्पादन गरेर सजिलोसँग जीवनयापन गरिरहेको दाबी गरे । 'यहाँ पानीको सुविस्ता भएदेखि मैले पनि तरकारी उत्पादन गरेर घर चलाएको छु, छोराछोरी काठमाडौँ पोखरा बसेर पढेका छन्', उनले भने, 'दूध बेचेर मासिक २५ देखि ३० हजार कमाइ हुन्छ, सागसब्जी बेचेर पनि राम्रो कमाइ गरेका छौँ ।' शीतभण्डारमा प्राविधिकको काम गर्दै आएका नारायण अधिकारीले शीतभण्डार सञ्चालनपछि धेरैको जीवन फेरिएको बताए । 'शीतभण्डार नहुँदा पोखरा, बुटवल लगायतको शीतभण्डारमा महँगो मूल्यमा आलु भण्डारण गर्न लैजानुपर्ने बाध्यता थियो', उनले भने 'अहिले यहाँको शीतभण्डारमा कृषिउपज भण्डार गरेर उपयुक्त मूल्य पाउने समयमा बिक्री गर्दा धेरैलाई फाइदा भएको छ ।' अधिकारीले शीतभण्डारमा सामान्य समस्या आए पनि 'स्टक एसी' भएकाले कृषि उपज नबिग्रने बताए । अध्यक्ष कंडेलका अनुसार यो वष सहकारीले १२ लाख ८३ हजार आम्दानी गरेको छ । 'कार्यालय सञ्चालन, कर्मचारी, विद्युत्, ढुवानीलगायतमा वार्षिक सात लाख खर्च हुन्छ', उनले भने, 'शेयर धनीलाई पहिलोपटक आठ लाख र दोस्रो पटक चार लाख मुनाफा वितरण गर्‍यौं ।' कँडेलले यसअघिको स्थानीय सरकारले १० लाखको जेनेरेटर, १० लाखमा कार्यालय भवन निर्माण गरिदिएको बताए । तर अहिलेको सरकारले कुनै पनि सहयोग नगरेको उनको गुनासो छ । नगरपालिकासँग विद्युत महसुलमा छुट गरिदिन र नयाँ शीतभण्डारका लागि टाँड निर्माण गरिदिन कँडेलको आग्रह छ । जिमुहाँ शीतभण्डार सहकारीका एक करोड १८ लाख र एक करोड ५२ लाखका एकसय ५० टन क्षमताका दुई छुट्टाछुट्टै शीतभण्डार छन् । यहाँ आलु भण्डारका लागि छिमेकी जिल्ला पाल्पाका कृषक पनि आउने गरेका छन् । यहाँ कृषिउपज भण्डारण गर्दा सहकारीले प्रति किलोको सात लिने गरेको छ । जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेड २०७५ सालमा स्थापना भएको हो ।

## सक्षिप्त समाचार

### हिमपातले यातायात प्रभावित




**रासस/सिन्ह्वा**

**बेइजिङ,** मंसिर २५/आइतबार साँझदेखि परेको हिमपातका कारण सोमबार बिहानदेखि बेइजिङमा सडक यातायात अवरुद्ध भएको छ । आइतबार साँझ ७ बजेदेखि सोमवार बिहान ८ बजे सम्ममा बेइजिङ शहरमा औसत ५.७ मिमी हिमबर्षा भएको छ । बेइजिङ मौसम विज्ञान सेवाले उपलब्ध गराएको तथ्याङ्क अनुसार सबैभन्दा बढी हिमबर्षा भएको फाङशान जिल्लामा १०.२ मिलिमिटरसम्म हिउ जमेको छ ।

शहरको मौसम केन्द्रले सोमबार पनि हल्का हिमपात जारी रहेको र अपराह्न ४:५० बजेपछि हिउबर्षा कम हुने जानकारी गराएको थियो । चीनमा चार तहको मौसम चेतावनी प्रणाली छ, जसमा रातो रङले सबैभन्दा गम्भीर चेतावनीको प्रतिनिधित्व गर्दछ भने त्यसपछि सुन्तला, पहेंलो र नीलोले क्रमश: घट्दो जोखिमलाई संकेत गर्दछ । मौसम पूर्वानुमान अनुसार सोमबार पनि हल्का हिमपात जारी भएको छ ।

## पितृका नाममा छरियो शतबीज



**पाल्पा,** मंसिर २५/पितृका नाममा शतबीज छरिएको छ । सोमबार बालाचतुर्दशीको अवसरमा पितृका नाममा शतबीज छरिएको हो ।

आइतबार साँझ दीपदान गरी रातभर भजनकीर्तन गरेर जाग्राम बसेकाहरुले सोमबार बिहानको झिसमिसेमा शतबीज छरेका हुन् । प्रत्येक वर्ष मंसिर त्रयोदशीका दिन दीपदान गर्ने र चतुर्दशीका दिन शतबीज छर्ने परम्परा रहेको छ । देशभरका शिवालयका मन्दिरमा शतबीज छर्नेहरुको घुइँचो थियो । पाल्पासहित देशका पशुपति क्षेत्रको १०८ शिवलिंग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, मृगस्थली, विश्वरूप, किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ । शतबीजमा हाल धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो मिसाएर छर्ने चलन छ । माता पिता दिवंगत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रुपमा दीपदान एवं शतबीज छर्न नहुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । भगवान् शिव मृगरूप लिएर घुमेको भनिने क्षेत्रमा एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवगंत आत्माले पनि मुक्ति पाउने धार्मिक विश्वास छ ।

## आज अन्तर्राष्ट्रिय तटस्थ दिवस

**पाल्पा,** मंसिर २५/विश्वमा पूर्ण स्वतन्त्रताको अपेक्षासहित मनाइने अन्तर्राष्ट्रिय तटस्थता दिवस आज (मंगलबार) परेको छ । प्रत्येक वर्ष डिसेम्बर १२ मा विश्वभर यो दिवस मनाउने गरिएको छ ।

यो राष्ट्रसंघद्वारा घोषित तटस्थता दिवस हो । तुर्किमेनिस्तानद्वारा प्रस्तावित महासभाद्वारा प्रस्ताव नं. ७१/२७५ मार्फत विनामतदान पारित गरिएदेखि यो दिवस मनाउन थालिएको पाइन्छ । शान्तिका लागि तटस्थताको आवश्यकतालाई ध्यानमा राख्दै हरेक वर्ष संयुक्त राष्ट्र संघले आफ्ना सदस्य राष्ट्रहरू मार्फत दिवस मनाउने गरेको छ । राष्ट्रहरूको आन्तरिक नीतिमा तटस्थताको सिद्धान्त लागू गर्न सके मात्र विश्व शान्तिको नारा गुञ्जायमान रहन्छ भन्नेमा राष्ट्रसंघको विश्वास




रहेको पाइन्छ । राष्ट्रसंघको मुख्य कार्यहरुमा कूटनीति प्रमुख मध्य पर्दछ । राष्ट्रसंघले तटस्थताको पैरवीका साथै रोकथामका कुटनीतिको पनि पैरवी गर्दै आएको छ ।

(..बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पर्वत जोगाऔं

नेपाललाई पर्वतहरुको राजधानी भनेर चिन्ने गरिन्छ । प्राकृतिक सौन्दर्यताको प्रतिक, वातावरणीय विविधताको धौतक, हिमश्रृंखला र पहाड हाम्रा पर्वत हुन् । नदी नालाको श्रोत, जल, जमीन अनि जंगलको समिश्रण पनि हाम्रा विशाल पर्वत र हिमश्रृंखला नै हुन् । तर सुन्दर पर्वतहरु अहिले कालापहाड जस्ता देखिन थालेका छन् । हिमालमा हिउँ नै पर्न छोडेको छ । हिमरेखा माथि-माथि सर्दै जान थालेका छन् । पानीको सञ्चिती घटेको छ । पहाडमा समेत खानेपानीका मुहान तथा खोला खोल्साहरुमा पानीको मात्रा घट्दै गएको छ । विश्वव्यापी रुपमा बढिरहेको कार्बन उत्सर्जनका कारण मुलुकको तापक्रम बढिरहेको छ । यसको सीधा असर हिमालय क्षेत्रमा पर्दा हिमाल, हिमनदी र हिमतालहरू पग्लिने र फैलने गति तीव्र भइरहेको छ । हिमालमा हिउँ नपर्नु, परेको हिउँ चाँडै बिलाएर जाने र हिमालका फेदमा हिमतालको क्षेत्रफल बढ्दै जाने गरेको तथ्यले जलवायु परिवर्तनको सीधा असर पर्वतहरुमा परेको सहजै अनुमान गर्न सकिन्छ । नदी नाला र ताल तलैयाहरुको संरक्षण नहुनु चुरे क्षेत्रको दोहनले हिमाल, पहाड र तराईका भू-भागमा बसोवास गर्नेहरु प्रति पर्ने प्रत्यक्ष र अप्रत्यक्ष वातावरणीय असरलाई सुक्ष्म र विस्तृत रुपमा कुनै पनि क्षेत्रबाट अध्ययन नहुने जस्ता घटनाले गर्दा समेत हामी दिनप्रति दिन विभिन्न समस्याबाट घेरिदै गएका छौं ।

हरेक वर्ष ११ डिसेम्बरमा अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइन्छ । यस वर्ष पनि सोमबार नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । हरेक वर्ष यो दिवस मनाउने गरिए पनि जोखिम अवस्थामा रहेका पर्वतहरु जोगाउने विषयमा कसैको पनि ध्यान जान सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । हाम्रो साझा भविष्यलाई जगेर्ना गर्ने हो भने जलवायुमा भइरहेको परिवर्तनविरुद्ध लडाइँ लड्न आवश्यक छ । सुन्दर पर्वत जोगाउने अहिलेको चुनौती सरकार एक्लैले मात्र थेग्न सक्दैन । नागरिक समाज, निजी क्षेत्र, सामाजिक संघसंस्था, समाजका प्रतिष्ठित संस्था सबैको सहकार्य हुन जरुरी छ । यो मुद्दा कुनै राजनीतिक पार्टी विशेष वा सरकार विशेषको रुचि र प्राथमिकताको विषय मात्रै हुन सक्दैन । यसको प्रत्यक्ष मारमा समाजको सबै वर्ग, समुदाय र क्षेत्र परेको छ । त्यसैले राष्ट्रिय एजेन्डा बनाएर सरकार, राजनीतिक दल, सरोकारवाला निकाय र समाजका सबै तह र तप्काबीच हातेमालो गर्दै यसविरुद्धको लडाइँ लड्न जरुरी छ । यसो गर्न सकियो भने मात्र हाम्रा पर्वतहरु जोगिन सक्छन् ।

## Opinion @ Social Network

बडो अचम्मा हुँदा रहेछन् शहरका बत्तीहरु,
जति उज्यालो भए पनि मान्छेको अनुहार चिन्न नसकिने !
(महेश डोटेलको फेसबुक स्टाटसबाट https://www.facebook.com/mahesh.s.dotel)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जो जससँग सरोकार छ



**जगन्नाथ पन्त**

*हामीसँग जीवनका दुईवटा मात्र बाटो छन् । जीवित रहँदा स्वआर्जन वा हक वापत जे जति कमाई हुन्छ र बचेको हुन्छ त्यो सबै कि कसैलाई दिएर जानु पर्छ कि कसैलाई छोडेर जानु पर्छ । निधन भएपछिसँगै लैजान सकिदैन । प्रकृतिले जीवात्मालाई यो भन्दा अर्को कुनै विकल्प दिएकै छैन । यो अकाट्य, सास्वत सत्य हो । मनुष्यले यो देखेको, भोगेको र चेतेको बाटो हो, तर त्यहि दिएर वा छोडेर मृत्युसँगै नाङ्गै जाने हो शरिर भनेर जान्दा जान्दै पनि अनेकन अनुचित बाटोबाट पनि कमाउन उद्धत हुनु नै मानिसको ठूलो अवगुण हो । आफ्नो वंशका सन्तान प्रतिको स्वभाविक जिम्मेवारी अनुसार केहि हदसम्म जोगाई दिनु, जोडिदिनु कर्तव्य हो ।*

कसैलाई धेरै क्षेत्र विशेषको चासो हुन्छ त कसैलाई थोरै पनि मतलव हुँदैन । यस लेखमा एउटै प्रसंग र विषय होइन अनेक प्रसंग र क्षेत्रको चर्चाको जोरजाम गरिएको छ । सरोकार सम्बन्धित छ छैन पढेर आफै बुझ्नु होला । पहिलो अनुच्छेद सामान्य सरोकारका छन्, अनि क्रमश: अलि गम्भीर प्रकृतिका । कुनै सञ्जाल फ्रेण्डको मोवाइल वालमा वर्षमा एकाध पोष्ट र कमेन्ट मात्र हुन्छ, कुनैले दैनिक सरदर १० बढी पोष्ट र १०० औं लाईक कमेन्ट हाल्छन् । सरोकार आ-आफ्नै । दरकार नभएको विषयमा ज्यादा सरोकार रुचिकर हुँदैन । चिया पसल वा सडक चोक, विसौनी, प्रतिक्षालय र हिड्दा हिड्दै गन्य मान्य भेट्यो कि सँगै फोटो खिचेर पोष्ट गर्दै गन्यमान्यको तारिफ क्याप्सनले आफ्नो महत्व बढेको ठान्ने छन् कतिपय । यो अहिलेको फेसन भएको छ । ज्ञानी छौ, असल छौ, समझदार छौ, सदैव राम्रो गर्नु, पढाईमा अब्वल छौ भन्दै छोराछोरीलाई जन्म दिनको शुभकामना लेखेको बाउ-आमाको पोष्ट नहेर्ने छोरा छोरीलाई अरुले पनि ह्याप्पी वर्थ डे लेख्छौं । साथीको छोराछोरी चिनेको त होईन तर सरोकार छ नि बावु आमा त चिनेका छन् नि । बावु आमाले पनि साथीसंगी कति जनाको लाईक कमेन्ट हुन्छ गन्नका लागि सरोकार राखेर वालमा पोष्ट गरेका हुन भन्ने सरोकार लाग्छ यस पंतिकारलाई । अझ इन्टरनेट आवश्यक नहुने टुकटुके मोवाईल मात्र भएका वा मोवाईल नै चलाउन नजान्ने बाउआमालाई यति वर्ष लाग्नु भयो भन्दै अनेक सम्मानजनक शब्द र राम्रो फोटो हाल्ने तर भेट्न र हेरचाह गर्न नपरोस् भनेर तर्कनेले हालेका पोष्टमा पनि नछुटाई कमेन्ट लाईक गर्नु हाम्रो जो सरोकार छ त्यो सम्बन्धित बाउआमाको सरोकार नहुन पनि सक्छ । सँगै बसेका सन्तानले दैनिक गर्ने सेवा भन्दा आधा घण्टा भेट्न जादा एउटा केराको कोसो र सन्चो विसन्चो सोधेर मिठो-मिठो खानु होला, दु:ख नगर्नु होला भनेर महिनौ लापत्ता हुने सन्तान र तिनका प्रजाति प्रतिको लगाव र प्रसंशामा अचम्मको सरोकार हुनु बुद्ध्यौलीको गुण हो ।

अपवाद बाहेक यस्तो लगाव सबै वृद्धवृद्धाको सरोकार हो, यसको वा उसको भन्ने नै छैन सम्बन्धितले होइन सरोकार भन्न गाह्रै पर्ला । अझ त्यसरी आकल झुकल भेट्नेले गर्ने खातिरदारीको अपेक्षा सरोकार कस्तो हुन्छ भन्ने सम्बन्धितले बाहेक अरुले सरोकार गर्ने विषय पनि त होइन नि । तिमी मेरो जीवनमा आयौं र म भाग्यमानी भए, यस्तै के के जाति लेखेर विवाह वर्षगाठको शुभकामना वालमा दिने लोग्ने स्वास्नीले प्रत्यक्षमा मेरो फुटेको कर्म तसँग परेर दुख पाए भनेर लाप्पा खेलेको अरुलाई सरोकार नहुने भएरै ह्याप्पी एनिवर्षरी वोथ अफ यु, नाइस कपल भनेर शुभकामना र बधाई दिन्छौ नि उनका झगडामा के को सरोकार । यस्तै, उस्तै अनेक कार्यमा साथीले वालमा प्रेषण गरेका विषय अरुका पनि सरोकार भएर त होला अहाँ ! भेरिनाईस भन्न परेको । अरुको खुसीमा रमाएझै गर्ने हाम्रो सरोकार सबको भन्दा राम्रो छ । खुसी नहुनेले प्रसंशा नगरे उसैको आत जल्ने हो, मन, तन, आत जे जे जलेनि जलोस् हाम्रो सरोकारको विषय रहेन ।

अवधिरणा क्वा कार्य, परनिन्दायधनेषु च । अरुको झगडा र धनको निन्दो चर्चो नगरौं भो ! अब लागौं खास सरोकार तिर । हामीसँग जीवनका दुईवटा मात्र बाटो छन् । जीवित रहँदा स्वआर्जन वा हक वापत जे जति कमाई हुन्छ र बचेको हुन्छ त्यो सबै कि कसैलाई दिएर जानु पर्छ कि कसैलाई छोडेर जानु पर्छ । निधन भएपछिसँगै लैजान सकिदैन । प्रकृतिले जीवात्मालाई यो भन्दा अर्को कुनै विकल्प दिएकै छैन । यो अकाट्य, सास्वत सत्य हो । मनुष्यले यो देखेको, भोगेको र चेतेको बाटो हो, तर त्यहि दिएर वा छोडेर मृत्युसँगै नाङ्गै जाने हो शरिर भनेर जान्दा जान्दै पनि अनेकन अनुचित बाटोबाट पनि कमाउन उद्धत हुनु नै मानिसको ठूलो अवगुण हो । आफ्नो वंशका सन्तान प्रतिको स्वभाविक जिम्मेवारी अनुसार केहि हदसम्म जोगाई दिनु, जोडिदिनु कर्तव्य हो । तर अनावश्यक, गैरकानूनी तवरले जोड्नु, फजुल खर्च गर्नु, सञ्चय गर्नु, अरुलाई असुविधामा पार्नु, अरुको भाग हसुर्नु मनुष्यत्व होइन । वैभब अन्त: त छोडेरै जाने हो । दिएर जाने कमै हुन्छन् । तर यस, कृति, सिर्जना भने छोडेर पनिसँगै लिएर वा जीउँदै पनि दिएर जान्छ विवेकिले । कहिले काही वाध्यताले छोडेको विरासत पनि नयाँ योगदान हुन पुग्छ । भर्तृ नामका ऋषि, ऋषि हुनु पूर्व चक्रवर्ती सम्राट थिए रे । उनले एक जना सन्तबाट एउटा फल पाए छन्, जुन फल खाने व्यक्ति तेजस्वी हुने छ । उनले त्यो फल आफ्नी सबैभन्दा प्रिय रानीलाई दिएछन् । रानीले आफ्नो प्रियतम गार्डलाई दिइछन्, जसलाई उनी प्रेम गर्थिन्, तर गार्डले उनलाई भन्दा दरवारकी नर्तकिलाई प्रेम गर्दो रहेछ । उसले फल नर्तकिलाई दिए छ । नर्तकिले फल राजालाई दिइछन् । उनले राजालाई प्रेम गर्दि रहिछन् । यसरी घुमिफिरि फल आफैसँग पुगेपछि राजाले तहकिकात गरे छन् र सत्य पत्ता लागेपछि विरक्त भए छन् । अनि राजाको पद भाइलाई दिएर तपस्वि बने छन् । बडा महाराजा पृथ्वी नारायण शाहले विशाल नेपाल निर्माण गरेर छोडेकाले हामी नेपाली भएका छौं । राजा महेन्द्रले जस्तै आफै शासनको बागडोर हडपेर रम्न खोज्दा जीवितै भएर पनि पूर्वराजा हुनु परेका ज्ञानेन्द्रले गणतन्त्र दिएर गुन लगाउनु भएको छ । चुपचाप राजा बनेर बसेका भए तत्कालिन युद्धरत माओवादी र राजनीतिक दल मिल्ने थिएनन् । गणतन्त्र आउने थिएन । राजनीतिक दल र नेतालाई असक्षम करार गर्दा सदाका लागि राजसंस्था सत्ताच्युत हुनुमा पूर्व राजाको निरङ्कुश, निर्दलिय बाटोको सोच जनआन्दोन र जनविद्रोहको आगोमा घ्यू थपिन पुग्यो । एउटा राजाले आर्जेर राष्ट्र दिनु भयो, अर्कोले राजसंस्था बुझाउनु भयो । दिएर वा छोडर जानु पर्ने,सहनु पर्ने चेतको सरोकार दल, संस्था वा व्यक्तिले सहि परख गर्न नसकेमा नयाँले खोसेर लिन्छन् भन्ने बुझे मात्र हाम्रो दरकारको सरोकार सहज हुने थियो । वडा महाराजाले चार जात छत्तिस वर्णको साझा फूलबारी उपमा सबै नागरिकको अपनत्व होस् भनेर भन्नु भए होला । तर अपुङ्गाको मनपरी विचरणले हाम्रो बगैचा उदाङ्गो बनाई दिए । जो पनि टहल्ने फूलबारी होइन, पुग्न रहर लाग्ने आकाश जस्तो अगम्य बलियो राष्ट्र बनाउने सरोकार राख्न विलम्व भयो । राणा शासनमा सबै कर नछोडी उठाउने, तर कति उठ्यो र केमा खर्च भयो भनेर देखाउन नपर्ने अर्थात् कच्चा नछोड्नु, जम्मा नजोड्नु भन्ने थियो रे । राज्यको सम्पत्ति र पद राणाका आफन्तको लागि थियो । जहानमा सीमित भएकाले जहानीय भनियो । अहिले गणतन्त्रमा पनि जहानीय अग्राधिकार हटेको छैन् । त्यसैले बेला-बेलामा स -साना भए नि दुर्गा प्रदर्शन हुनु स्वभाविक हो । तर जसलाई आऊ आऊ भनेको हो,उहाँका पालामा पनि सबै उद्यम उहाँकै नाममा थिए । अहिले पनि खलासीले रत्न पार्क, आरएनएसी भनेर फलाक्छ । तिनको आम्दानी उहाँकै हुन्थ्यो । कसैले उद्योग खोल्दा २० /२५ प्रतिशत शेयर विना लगानी उहाँले भनेका लाई नदिई अनुमति हुँदैनथ्यो । उहाँको आम्दानी करमुक्त थियो । करवट लिन नसक्नेलाई पनि सलाम गर्न पथ्र्यो । आउन रहर गरेकाले अहिले जाजरकोट र रुकुममा कति थान कम्मल र टेण्ट अनि जस्तापाता र अन्नपात कति बाडिवक्स्यो । यसको सरोकार नराखी के केन देलान भनेर पछि लागेर नारावाजी गर्नेले वित्थामा अश्रुग्यांस नखाएर ऋण मिनाह खालान र ?

११ देशसँग मात्र श्रम सम्झौता भए पनि १४४ भन्दा बढी देशमा श्रमिक बनेर नेपाली जानु दु:खद हो । भोको पेट र खाली खल्ति भए पछि पराइको नोकर बन्न तयार भएका हुन् वा धनी बन्ने चाहानाले हो रसियाको नागरिकता र धेरै तलव पाउने प्रलोभनमा युद्धको समयमै रसियन सैनिक बनेर मारिने अवस्थाको दरकार किन भयो भनेर सरकारले खवरको सरोकार आफै पाउन नसक्ने अवस्थाका छौ हामी । विगतका गल्ति सुधार गरेर भविश्य प्रति आशावादी हुने हो र भविश्य सुध्रिने आशाले वर्तमानमा अवसर देख्ने हो । आज अवसर नै नरहे पछि निराशाले मुग्लान पुर्याउने हो । अध्यारोमै तारा चम्कने हो भनेर चित्त बुझाउन उज्यालो पनि त हुनु पर्यो नि । उज्यालो झन् अन्धकार छ भने हुने त उकुस मुकुस नै हो । नगदमा दुध विक्री गर्ने तर कृषकबाट किनेको दुधको मोल तिर्न नसक्ने सरकारी डेरी, उखुको मोल नदिने सुगर मिल, पतञ्जलीको घ्यू खोजी खोजी किन्ने, १५० रुपैयाँमा चिनी किन्ने अवस्थाको सरोकार कसले गर्ने ? भूकम्पले मार्न नसकेका जाजरकोट र रुकुमका ३४ बढी जनता न्यानो कपडा र छानो नहुँदा चिसोले मरे रे भनेर समाचार सुन्नु पर्नेले अरु अत्यावश्यक पूर्तिको दरकार गर्ने सरोकार कसरी अपेक्षा गर्ने ? तोकिए भन्दा कैयौ गुणा समय र लागत लगाएर जेनतेन सञ्चालन भएको मेलम्ची खानेपानी आपुर्ति बन्द भएको ७ महिना हुँदा पनि पुन: सञ्चालनको चाइचुइ नै छैन । ४५-५० लाख जनसंख्या बस्ने काठमाडौं उपत्यकालाई काकाकुल बनाउने कार्य लाजमर्दो हो । यसमा त सरोकार हुनु पर्यो नि ? पानी बगेर खेर गईरहेको छ, महशुल बगेको छ, ट्याङ्करमा महँगो मुल्यमा कम गुणस्तरको पानी प्रयोग गर्नु परेका जनताको सराप लाग्ला कि भनेर अस्थायी बाध बाधेरै भएपनि असोजमै पानी वितरण गर्नु पर्ने हो, खै सरोकार सरकार ? २०८०/०८१ छोडेर मान्छेहरु मिसन ८४ भन्न थालेका छन् । उनीहरुका लागि मिसन ८४ सरोकार होला तर धेरैलाई मिसन ८० नै सरोकार हो । ८४ मा तिमी हाम्रो दरकारका हुन त ८० मा तिमीले हामीलाई सरोकार गर्न पर्‍यो नि ? उल्लेखित मन्थन यहाँहरुसँग सम्बन्धित रहे रहेनन् ? प्रतिक्रिया पाए आभारी हुने थिए ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक झन्झट आइलाग्न सक्छ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ । | **तुला** : विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ । |
| **वृष** : मनोरञ्जनमा अभिरुचि जाग्नेछ । स्वास्थ्यको क्षेत्र मध्यम रहनेछ । | **वृश्चिक** : विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ । |
| **मिथुन** : शुभ कार्यको योग छ । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **धनु** : पदोन्नतिको ढोका खोलिनेछ । प्रेमीको सहयोग पाईनेछ । |
| **कर्कट** : दाम्पत्य जीवन सुखमय हुनेछ । धार्मिक यात्राको योग छ । | **मकर** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **सिंह** : पारिवारीक झमेला आउला । कुविचारमा मन जानेछ । | **कुम्भ** : प्रिय व्यक्तिसंग भेट घाट हुनेछ । लाभदायक यात्रा पनि होला । |
| **कन्या** : शुभ-अशुभ दुवै समाचार सुनिएला । मित्र संग मीठो भेट घाट रहनेछ । | **मीन** : अधूरा कार्यले गतिलिन सक्छ । आफन्तहरूको साथ र सहयोग पाईनेछ । |




# पृथ्वीमा कहाँ छ स्याटेलाइटहरुको चिहानघर ?



धर्तीमा एउटा यस्तो ठाउँ पनि छ जसलाई उपग्रहहरुको चिहानघर पनि भनिन्छ । यो ठाउँमा यस्ता कृत्रिम भूउपग्रह अर्थात् स्याटेलाइटहरुको अन्त्येष्टि गरिन्छ जो उमेर पुगेर वा बिग्रिएर काम नलाग्ने बनेका हुन्छन् । यसलाई पृथ्वीको सबैभन्दा अलगथलग स्थान पनि भनिन्छ । यो ठाउँ यति धेरै दुर्गम छ कि यो बिन्दुको सबैभन्दा नजिकको जमिन नै २७ सय किलोमिटर टाढा छ । यो ठाउँमा पुग्नका लागि नै मानिसहरुलाई कैयन् दिन लाग्दछ । यो ठाउँमा केही साना टापु छन् जसमा केवल चराचुरुंगी मात्रै छन् । यही ठाउँमा भविष्यमा अन्तराष्ट्रिय अन्तरीक्ष स्टेशनको पनि अन्त्येष्टि गरिनेछ । स्पेस स्टेशन केही वर्षभित्रै निकम्मा बन्नेछ ।

**नाम को हो ?**

स्याटेलाइटको चिहानघरको नामबाट चर्चित उक्त ठाउँको नाम 'प्वाइन्ट निमो' हो । यो प्रशान्त महासागरको मध्यभागमा छ । यसलाई पोल अफ इनएक्सेसिबिलिटी पनि भनिन्छ । किनकि यहाँ कोही पनि मानिस सजिलैसँग पुग्न सक्दैन अर्थात् आम मानिसको पहुँचबाट यो ठाउँ टाढा छ । इस्टर टापुको दक्षिण तथा अन्टार्कटिकाको उत्तरमा अवस्थित यो इलाकामा महासागरको औसत गहिराइ ४ हजार मिटर भन्दा धेरै छ । जहाँ ठूला भन्दा ठूला जहाजहरु प्नि पलभरमै डुबेर गायब हुनसक्छन् । अत्यधिक गहिराइ, मानव वस्तीबाट निकै टाढा जस्ता विभिन्न असाधारण विशेषताका कारण यो ठाउँ स्याटेलाइटको चिहान बनाउनका लागि आकर्षक स्थल बनेको छ ।

**डुबाइसकियो ३ सयभन्दा धेरै स्याटेलाइट**

सन् १९७० को दशकयता प्वाइन्ट निमोस्थित महासागरमा अहिलेसम्म ३ सयभन्दा धेरै स्याटेलाइट तथा अन्तरीक्ष स्टेशन विलय भैसकेका छन् । त्यहाँ अन्त्येष्टि गरिएका स्याटेलाइटहरु विश्वका विभिन्न देशहरुका हुन् । अमेरिकी अन्तरीक्ष एजेन्सी नासाले अन्तराष्ट्रिय अन्तरीक्ष स्टेशनलाई पनि प्वाइन्ट निमोमै अन्त्येष्टि गर्ने घोषणा हालै गरेको छ । स्पेस स्टेशन पछिल्लो २५ वर्षदेखि अन्तरीक्षमा रहेको छ जुन सन् २०३० पछि आधिकारिक रुपमा बन्द गरिनेछ । ३ सय ५७ फिट लामो तथा ४ लाख १९,७२५ किलोग्राम तौल भएको यो स्पेस स्टेशन प्वाइन्ट निमोमा विलय हुने अहिलेसम्मकै ठूलो अन्तरीक्ष उपकरण हुनेछ ।

**अन्तरीक्षको फोहोरलाई कम गर्दै**

युरोपेली अन्तरीक्ष एजेन्सीका अन्तरीक्ष फोहोर सम्बन्धी विश्लेषक स्टिजन लेमेन्सका अनुसार अन्तरीक्ष स्टेशनलाई डुबाउनु एउटा अतिवादी काम जस्तो लाग्दछ । तर यसलाई विकल्पको रुपमा प्रचार गर्नु सही हुँदैन । उनका अनुसार अहिले ४० हजार भन्दा बढी मानव निर्मित वस्तुहरुले पृथ्वीको परिक्रमा गरिरहेका छन् जसको आकार २ इन्चदेखि सयौं मिटरसम्म रहेको छ । फोहोरको घनत्व जति धेरै बढ्छ त्यस्ता टुक्राहरु एक आपसमा ठोक्किने जोखिम पनि उति नै धेरै हुन्छ । यसले भविष्यमा नथामिने खालको टकरावको अवस्था आउनसक्छ र भविष्यमा अन्तरीक्षमा रहेका सबै स्याटेलाइटहरु ध्वस्त हुने जोखिम रहन्छ । त्यसैले मिति गुज्रिएका स्याटेलाइट वा अन्तरीक्षका अन्य निकम्मा वस्तुहरुलाई समुद्रमा विसर्जन गराउने कार्य अन्तरीक्ष फोहोर कम गर्ने एउटा प्रभावकारी उपाय मानिएको छ ।

*-अनलाइन खबर डटकम*

# स्मार्टवाच पनि ह्याक हुने खतरा, कसरी बच्ने ?



स्मार्ट वाचहरू हाम्रो दैनिक जीवनको एक महत्त्वपूर्ण भाग बनेको छ । आजकल धेरैले स्मार्टफोनसँगै स्मार्ट घडी लगाउन थालेका छन् । सबैलाई थाहा छ कि स्मार्टफोन ह्याक हुने जोखिम छ। तर, के तपाईंले कहिल्यै सोच्नुभएको छ कि तपाईंसँग भएको स्मार्टवाच पनि ह्याक हुन सक्छ ? हो, स्मार्टवाच पूर्ण रूपमा ह्याक हुन सक्छ । यो जोखिम विशेष गरी सस्तो घडीहरूमा उच्च छ । तर, महँगो एप्पल वाच स्मार्टवाच पनि ह्याकिङको जोखिममा रहन्छ । स्मार्टवाचसँग फिटनेस, फोन कल र सन्देशहरू जस्ता जानकारीहरूमा पहुँच छ । यस्तो अवस्थामा यसलाई पनि सुरक्षित राख्नु अत्यन्त जरुरी छ ।

ब्लुटुथ स्मार्टवाचले ब्लुटुथ लो एनर्जी (बीएलई) नामक प्रविधि मार्फत तपाईंको स्मार्टफोनमा जडान गरेर काम गर्दछ । यसले नियमित ब्लुटुथको रूपमा समान ब्यान्डहरू प्रयोग गर्दछ तर डेटा प्रसारणको लागि फरक च्यानलहरू प्रयोग गर्दछ । नियमित ब्लुटुथ र बीएलई बिचको मुख्य भिन्नता यो हो कि यसले नियमित भन्दा कम पावर प्रयोग गर्दछ । बीएलई यन्त्रहरू, अर्थात् तपाईंको स्मार्टवाच, बिकन भनिने विज्ञापन प्याकेटहरू प्रसारण गरेर सञ्चार गर्दछ ।

यी बीकनहरूले तपाईंको स्मार्टवाचको उपस्थितिको बारेमा दायराका यन्त्रहरूलाई जानकारी दिन्छ । यसपछि, स्मार्टफोन जस्तो उपकरणले स्क्यान अनुरोध मार्फत यी विज्ञापन प्याकेटहरूलाई प्रतिक्रिया दिन्छ । यसपछि स्मार्टवाचले थप डाटासहित स्क्यान अनुरोधलाई जवाफ दिन्छ । स्मार्टवाच र स्मार्टफोन बिचको स्ट्रक्चर्ड डेटालाई जीएटीटी भनिन्छ । जीएटीटीले उपकरणका सुविधाहरू, विशेषताहरू र सेवाहरूको सूची समावेश गर्दछ । यस मार्फत अन्य उपकरणहरूसँग कामहरू लिइन्छ । यदि आक्रमणकारीहरूले विज्ञापन उपकरणहरूको बीकनहरू हस्तक्षेप गर्न सक्षम छन् भने, तिनीहरूले जीएटीटीमा उपलब्ध जानकारीको गलत फाइदा उठाउन सक्छन् ।

**खतरनाक एपहरू :**

स्मार्टवाचहरू एप केन्द्रित हुन्छन् । स्मार्टवाचहरूले कन्ट्रोलर एपद्वारा पठाइएका आदेशहरूलाई विश्वास र कार्यान्वयन गर्दछ । यदि आक्रमणकारीले एप हाइज्याक गर्छ र यसमा कुनै खतरनाक कोड इन्जेक्ट गर्छ भने, उसले स्मार्टवाचको डाटा र कार्यहरू नियन्त्रण गर्न सक्छ ।

**एमआईटीएम आक्रमणहरू :**

सस्तो स्मार्टवाचहरू सामान्यतया कुनै पनि एन्क्रिप्शनको साथ आउँदैनन् । यस्तो अवस्थामा फोन र घडीबिच भएको डाटामा म्यान-इन-द-मिडल (एमआईटीएम) आक्रमण सजिलै गर्न सकिन्छ ।

**फर्मवेयर शोषण :**

फर्मवेयर अपरिवर्तनीय निम्न-स्तर सफ्टवेयरको एक टुक्रा हो जसले तपाईंको स्मार्टवाच ठिकसँग काम गरिरहेको छ भनी सुनिश्चित गर्दछ । कहिलेकाहीँ, फर्मवेयरमा कमजोरीहरू हुनसक्छ जसको फाइदा उठाएर हानी पुर्‍याउन सक्छ ।

**यसरी जोगिने**

- कुनै पनि स्मार्ट घडी किन्नु अघि, तपाईंले यसको इतिहास बारे अनुसन्धान गर्नुपर्छ ।
- गैर-ब्रान्डेड स्मार्टवाचहरू किन्नबाट जोगिनुपर्छ ।
- उपकरणको फर्मवेयर अद्यावधिक राख्नुपर्छ ।
- अपरिचित वेबसाइटहरूबाट एपहरू डाउनलोड गर्नबाट जोगिनुपर्छ ।
- सम्भव भएमा घडीलाई पिनले सुरक्षित राख्नुपर्छ ।
- तपाईंले घडीलाई सार्वजनिक वाइफाइमा जडान गर्नबाट जोगिनुपर्छ ।

*-रातोपाटी डटकम*

# प्रायोगिक र प्राविधिक शिक्षा : आजको आवश्यकता

**डा. नारायणप्रसाद निरौला**

*आज प्रविधिले फड्को मारिसकेको छ । आज जस्तो ज्ञान र सीप बालकमा दिएका छौं भोलि पनि त्यही नै व्यक्त हुने हो । यसैले वैदिक ज्ञानदेखि अत्याधुनिक प्रविधिका प्रायोगिक पक्षसँग आजको पुस्ता भिज्न सक्नुपर्दछ । सत्यं वद, धर्मं चर, स्वाध्यायन मा प्रमदको मूल ज्ञालाई आजको प्रयोग र प्रविधिमा घूलित गराउनु आवश्यक छ । तबमात्र व्यक्ति सम्पन्न हुन्छ र समाज र राष्ट्रलाई पनि समुन्नत तुल्याउन सक्छ । आधारभूत विषयवस्तुको ज्ञान गर्नु स्वयंमा अर्थआर्जन पनि हो । जस्तो कि घरका धारा बिग्रिए भने बनाउनसक्नु त्यो बनाउने खर्चलाई बचाउनु पनि कमाउनु हो । यसैगरी बिजुलीका समास्य, इलेक्ट्रोनिक वस्तुका समस्या लगायतका सामान्य सीपका कार्यले स्वावलम्बी बनाउनुका साथै अर्थार्जनमा पनि टेवा पुग्न सक्छ ।*

कार्य-कारण सम्बन्ध हरेकमा रहन्छ । कारणविना कार्य हुन सक्दैन । शिक्षा जन्मदेखि नै आरम्भ हुन्छ । ज्ञानका भण्डारलाई अभिवृद्धि गरी जीवनलाई सरल, सहज र सुखद् बनाउन शिक्षाको आवश्यकता पर्ने गर्दछ । समय गतिशील छ । समयको पविर्तनसँगै ज्ञानका आयममा पनि परिवर्तन हुँदै जान्छन् । समयको परिवर्तनसँगै हाम्रा शैक्षिक प्रणालीमा पनि परिवर्तन हुनुपर्दछ । आजको समय प्रविधिको हो । थोरै समयमा धेरै उपलब्धि प्रविधिको प्रयोगले प्राप्त गर्न सकिन्छ । प्रविधि विनाको अबको जीवन असम्भव छ । रहेक स्थानमा प्रविधिले साथ र सहयोग गरिरहेको छ । परिवर्तित समयको मागलाई सम्बोधन गर्ने व्यक्ति, समाज र राष्ट्र नै उन्नतिको शिखरमा पुग्न सक्छन् । शिक्षा जीवनोपयोगी हुनुपर्दछ । जसका लागि तदनुसारको प्रायोगिक पाठ्यक्रम र तदनुसारको प्रयोग अपरिहार्य रहन्छ । वैदिक ज्ञानबाट आरम्भ भएको शिक्षा आज एआई प्रविधिसम्म आइपुगेको छ । यसैले वेददेखि एआई प्रविधिसम्मका विषयवस्तुको प्रायोगिक ज्ञान आज आवश्यक छ ।

आजका बच्चा मोबाइलसँगै हुर्किरहेका छन् । बाल्यकालदेखि नै प्रविधि हात-हतमा प्राप्त भइसकेको छ । यसलाई प्रयोग गरी जीवनोपयोगी ज्ञानको अभिवृद्धि गराउन सक्ने पाठ्यक्रम र तदनुसारको शिक्षा आज आवश्यक भएको छ । प्रारम्भिक कक्षादेखि नै व्यवहारोपयोगी सीपमूलक शिक्षालाई आज जोड्नु आवश्यक देखिन्छ । खाना पकाउने कला पढाएरभन्दा प्रयोग गराएर चाँडो जान्न सकिन्छ । यसैगरी प्राथमिक उपचारको व्यावहारिक पक्ष, नैतिक मूल्य र मान्यताको व्यावहारिक एवं प्रायोगिक पक्ष, सीपमूल आधारभूत आवश्यकताका विषयवस्तुको ज्ञान आजको विद्यालय शिक्षाबाट प्रायेगात्मक रूपमा प्राप्त गर्नसक्नुपर्दछ । वर्तमानका पाठ्क्रम र पाठ्यपुस्तकले केवल पुस्तक पढ्नुपर्ने, अभ्यास पुस्तिकामा लेख्नुपर्ने मात्र ज्ञान दिएका छन् । यी केवल सैद्धान्ति ज्ञानमात्र हुन् । प्रयोगमा पनि यस्ता विषयवस्तुलाई जोड्नु आज आवश्यक छ । चामल कहाँबाट आउँछ ? भन्दा बोराबाट भनी उत्तरदिने आजको विद्यार्थीको अवस्था विद्यमान छ । हरेक विषयवस्तुलाई सम्भव भएसम्म प्रयोगमा लगेर तदनुसारको मूल्याङ्कन गर्ने परिपाटी रहनुपर्दछ । प्राथमिकदेखि उच्च तहसम्म प्राविधिक र प्रायोगिक शिक्षाको नीति अवलम्बन गरिनु आवश्यक छ । उच्च शिक्षामा कम्प्युटरलाई सामन्यतः टाइप गर्ने कार्यमा मात्र अधिक प्रयोग गरेको पाइन्छ । कतिपय विषयमा त यस्ता प्रविधिले प्रवेश पनि पाएका छैनन् । तर हरेक विषयवस्तुलाई कम्प्युटरका अंकसँग जोडेर उच्चतम प्रतिफल लिन सकिने अनन्त सम्भावना कम्प्युटरले जन्माएको छ । सामान्य नैतिक ज्ञान र प्रयोगको अभावमा आजको पुस्ता नैतिक मूल्य र मान्यताबाट विमुख भइरहेको छ । सामाजिक कार्यमा समेत संलग्न गराउँदै शिक्षालाई व्यवहारोपयोगी बनाउने दुई माध्यम भनेका प्रायोगिक र प्राविधिक पाटा हुन् । आज प्रविधिले फड्को मारिसकेको छ । आज जस्तो ज्ञान र सीप बालकमा दिएका छौं भोलि पनि त्यही नै व्यक्त हुने हो । यसैले वैदिक ज्ञानदेखि अत्याधुनिक प्रविधिका प्रायोगिक पक्षसँग आजको पुस्ता भिज्न सक्नुपर्दछ । सत्यं वद, धर्मं चर, स्वाध्यायन मा प्रमदको मूल ज्ञालाई आजको प्रयोग र प्रविधिमा घूलित गराउनु आवश्यक छ । तबमात्र व्यक्ति सम्पन्न हुन्छ र समाज र राष्ट्रलाई पनि समुन्नत तुल्याउन सक्छ । आधारभूत विषयवस्तुको ज्ञान गर्नु स्वयंमा अर्थआर्जन पनि हो । जस्तो कि घरका धारा बिग्रिए भने बनाउनसक्नु त्यो बनाउने खर्चलाई बचाउनु पनि कमाउनु हो । यसैगरी बिजुलीका समास्य, इलेक्ट्रोनिक वस्तुका समस्या लगायतका सामान्य सीपका कार्यले स्वावलम्बी बनाउनुका साथै अर्थार्जनमा पनि टेवा पुग्न सक्छ । संसारमा जति पनि सम्पन्न मुलुक छन् ती प्रविधिकै कारणले सम्पन्न भएका छन् । आजको प्रविधि एआइसम्म पुगिसेको छ । यसैले आजको हाम्रो शिक्षा अब एआईसँग साक्षात्कार गर्नसक्ने हुनुपर्दछ । यसलाई प्रयोगगरी अघिबढ्न नसक्ने शिक्षाले हामीलाई उन्नतिको शिखर प्रदान गर्न सक्दैन । यसैले विद्यालयतहदेखि नै प्राविधिक विषयवस्तुको ज्ञान दिनु र प्रयोगयोग्य बनाउनु आज जरुरी भएको छ । विश्वको सम्पपन्न राष्ट्र इजराइलबाट पनि यस्ता कुरा जान्न सकिन्छ । आज इजराइल कसरी शक्तिसम्पन्न देश बन्न पुगेको छ ? विश्वका जति पनि उन्नत प्रविधि छन् ती प्रविधिका मालिक किन इजराइली नै अधिक छन् भन्दा इजराइलले शिक्षामा गरेको लगानी हो ।

प्राविधिक र प्रायोगिक शिक्षा नीतिले नै आज इजरायल समुन्नत भएको हो । हरेक प्रविधिको आविष्कर्ताका रूपमा कि त इजराइल आउँछ कि त इजराइली नै आउने गर्दछन् । माइक्रोसफ्ट, गुगल, ओपन एआई, कम्प्युटरको इन्टेर प्रोसेसर लगायतकउन्नत प्रविधिमा संलग्न व्यक्तिलाई हेर्ने हो भने पनि यो कुरा जान्न सकिन्छ । सूचना प्रविधिका साथसाथै अन्य क्षेत्रमा पनि इजराइललाई मजबुत रूपमा लिन सकिन्छ । शिक्षा, स्वास्थ, कृषि, सूचनाप्रविधि आदि हरेक क्षेत्रमा अग्र रहनुका पछाडिको कारण भनेको नै शिक्षामा गरेको लगानी हो । मूलतः प्राविधिक र प्रायोगिक शिक्षाको उदाहरण हो । इजराइलमा प्राथमिक कक्षादेखि नै कम्प्युटरका कोड पढाउने गरिन्छ । हाम्रा शैक्षिक पाठ्यक्रममा उपल्लो कक्षामा गएपछि मात्र कम्प्युटरका सामान्य विषयवस्तुको ज्ञान हुन्छ । यसमा पनि प्रायोगिकभन्दा पनि सैद्धान्तिक विषयवस्तु नै अधिक रहने गर्दछन् । रचनात्मक कार्यतर्फ त्यति चासो दिइएको पाइँदैन । केवल कम्प्युटरको पाटपुर्जाको परिचय गर्दैमा माध्यमिक शिक्षा सकिन्छ । प्रविधिको प्रयोग गरेर विद्यार्थीले कुनै सृजनात्मक कार्य सम्पादन गर्नसक्ने व्यवस्था अझै बन्न सकेको छैन । यसका साथै हाम्रा नैतिक मूल्य र मान्यतका बारेमा हामी पढाउँछौ तर व्यवहारमा उतार्दैनौं जसले गर्दा हाम्रा शिक्षाका प्रणाली केवल औपचारिकतामा मात्र सीमित छन् । मान्यजनलाई नमस्ते गर्नुपर्छ भन्ने पनि हामीले हाम्रा बालबालिकालाई बारम्बार भनिरहनुपर्ने स्थिति छ । स्वयं जानेर शिष्ट व्यवहार गर्नुपर्छ भन्ने पढाएरमात्र यस्तो स्थिति भएको हो । व्यवहारमा पनि यस्ता कुरा प्रयोगमा ल्यानउनुपर्ने हुन्छ । जसरी बोर्डिङमा अंग्रेजीमात्र बोलेपछि त्यो विद्यार्थी अंग्रेजीबोल्न सक्ने हुन्छ । त्यसैगरी अन्य कुरा पनि प्रयोगयोग्य बनाउनु आज आवश्यक छ । केवल पढ्नेमात्र र सोधेका प्रश्नको उत्तर दिनेमात्र व्यवस्थाले शैक्षिक उन्नति असम्भव छ । प्रविधियुक्त प्रयोग पनि समान रूपमा हुनु आवश्यक छ । बालबालिकालाई हाम्रा हरेक सामाजिक कार्यमा संलग्न हुने वातावरण प्रदान गर्न सक्नुपर्दछ । सामाजिक भावना जागृत गराउँदै सामाजिक उत्तरदायित्वको व्यावहारिक पक्षमा पनि सामेल गराउन सक्नुपर्दछ । जस्तो कि ट्राफिक नियमको पालना गर्ने, जथाभावी फोहोर नृयाक्ने, आदरणीय व्यक्तिलाई आदर गर्ने, अप्ठ्यारोमा परेकालाई सरसहयोग गर्ने आदि । जापानको शिक्षा र उक्त शिक्षाबाट शिक्षित व्यक्तिको व्यवहारबाट पनि हाम्रा शिक्षाका प्रणाली प्रभावित हुन सक्नुपर्दछ । जापान शक्ति सम्पन्न राष्ट्र बन्नुको पछाडि पनि यस्तै प्राविधिक र प्रायोगिक विषयवस्तुको ज्ञान मुख्य हो ।

आज एआईमा भिज्न नसक्ने र त्यसको प्रयोग गरी अघि बढ्न नसक्ने शिक्षा अग्रगामी हुन सक्दैन । उन्नतिका शिखरमा पुग्न विगत, वर्तमान र भविष्य तीन पक्ष हेर्न सक्नुपर्दछ । जसका निम्ति व्यावहारिक, प्रायोगिक र प्राविधिक शिक्षा आज जरुरी छ । विश्वका जतिपनि समृद्ध मुलुक छन् ती मुलुकले अपनाएको शिक्षा नीति र व्यवहारलाई पनि उदाहरणका रूपमा लिन सकिन्छ । जीवन उपयोगी सीपका साथै समायोपयोगी शिक्षा नै मूल केन्द्रबिन्दुमा रहेको पाइन्छ । हरेक विषय र क्षेत्रमा प्रविधिको प्रयोग गर्न सकिन्छ । कलाका क्षेत्रमा एआइ प्रविधि भित्रिसको छ । साहित्यका कथा कविता अब प्रविधिले तयार गर्न सक्छ । गणितका सूत्र उदाहरण अब क्षणभरमै समाधान हुन सक्छन् । हरेक विषय र क्षेत्रमा प्रविधिले फड्को मारिसकेको छ । यो सबै मान्छेले नै बनाएको हो । अथक मिहिने र परिश्रमको फल हो यो । यसरी प्राप्त उन्नत प्रविधिलाई प्रयोग गर्न नस्कनु अवनतितर्फ लम्कनु हो । ज्ञानका आयामको सीमा हुँदैन । प्रविधि हाम्रा सहायक हुन् जसको सही सदुपयोगले उन्नतिको अग्रस्थान प्राप्त गर्न सकिन्छ । आज हरेक विषयवस्तु प्रविधिमा जोडिएकाले प्राविधिक प्रयोगयोग्य ज्ञान अबका शिक्षा प्रणालीमा आवश्यक देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# पाल्पामा काँग्रेसको सम्मेलनका लागि ठाउँ-ठाउँमा छलफल



**पाल्पा,** मंसिर २५/नेपाली काँग्रेसको यही मंसिर ३० गते पाल्पाको सदरमुकाम तानसेनमा हुन लागेको प्रथम जिल्ला सम्मेलनको तयारीका लागि ठाउँ- ठाउँमा छलफलका कार्यक्रमहरु भइरहेका छन् । पाल्पा काँग्रेसले जिल्लाका सबै पालिका र वडा तहमा पुगेर सम्मेलनको तयारीका लागि छलफल चलाएको हो ।

रामपुर नगरपालिका र रम्भा गाउँपालिकामा सम्मेलनलाई कसरी सभ्य र भव्य बनाउन सकिन्छ भन्ने विषयमा व्यापक छलफल भएको छ । रामपुरमा भएको छलफलमा सम्मेलनलाई सफल बनाउन वडातहदेखि नै पार्टीका सबै सरंचनाहरुलाई परिचालन गरिने निर्णय भएको छ । नगर सभापति नेत्र भट्टराईले पार्टीलाई सशक्त र क्रियाशील बनाएर अगाडि बढाउनका लागि हुन लागेको जिल्ला सम्मेलनलाई नगरबाटै व्यापक तयारी थालिएको बताए । छलफलमा नेपाली काँग्रेसका जिल्ला उपसभापति झपेन्द्र गहिरेले पार्टीलाई जनतासँग जोड्ने अभियानका रुपमा सम्मेलन हुन लागेकोले सबै एक जुट भएर लाग्न नेता कार्यकर्ताहरुलाई आग्रह गरे । उनले राष्ट्रियता, प्रजातन्त्र, समाजवादको रक्षा गर्दै मुलुकमा शान्ति र सुशासन कायम राख्न सम्मेलन महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

पार्टी सचिव सुनिता अधिकारीले मंसिर ३० मा हुन लागेको प्रथम जिल्ला सम्मेलनले आम नागरिकमा एक किसिमको उत्साहज छाएको भन्दै कार्यक्रमलाई सफल पार्न सबैको सहयोग आवश्यक रहेको बताइन् । सम्मेलनको तयारी तीव्र गतिमा अगाडि बढेको समेत उनले जानकारी दिइन् । रम्भा गाउँपालिकामा पनि तयारीका बारेमा छलफल भएको छ । पालिका सभापति ऋषिराम अर्यालको अध्यक्षतामा भएको छलफलमा जिल्ला सम्मेलनलाई सफल बनाउन वडादेखि पालिकासम्मका पार्टीका व्यक्ति सशक्त भएर लाग्ने निर्णय भएको काँग्रेस जिल्ला सदस्य तथा युवा नेतृ गिरिजा गैरेले जानकारी दिइन् । उनका अनुसार जिल्लाका अन्य पालिकाहरुमा समेत छलफल भइरहेको छ । सम्मेलनका लागि जिल्ला सभापति हिमालदत्त श्रेष्ठको संयोजकत्वमा मूल समारोह समिति र विभिन्न उपसमिति गठन गरी तयारी तीव्र पारिएको छ । सम्मेलनको काँग्रेसका केन्द्रीय पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनलाई सम्बोधन गर्न सभापति देउवासहित वरिष्ठ नेता शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पनि आउने छन् । सम्मेलनका लागि विभिन्न राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदन पेस हुनेछ ।

# ग्लोबल बैंकका नयाँ चार शाखा विस्तार

**पाल्पा,** मंसिर २५/ग्लोबल आइएमई बैंक लिमिटेडका चार वटा नयाँ शाखा एकैसाथ विस्तार भएका छन् । बैंकले काठमाडौंको बूढानिलकण्ठ नगरपालिका-५, बूढानिलकण्ठ, काठमाडौंकै चन्द्रागिरी नगरपालिका-१३, दहचोक, चितवनको भरतपुर महानगरपालिका-८, शरदपुरमा र तनहुँको आबुँखैरेनी गाउँपालिका-३, आबुँखैरेनीमा नयाँ शाखा विस्तार गरेको हो ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

यी नयाँ शाखाहरुबाट आइतबारदेखि सम्पूर्ण बैंकिङ्ग सेवाहरु सुचारु गरिएको बैंकले जनाएको छ । यी सँगै बैंकले ३५५ शाखा, ३७६ एटीएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४६ लाख भन्दा बढी ग्राहकहरुमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ । यसका मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको छ । निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ । बैंकले आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा धेरै आयकर दाखिला गरेको छ । उसले तीन अर्ब २० करोड कर दाखिला गरेको थियो । आन्तरिक राजस्व कार्यालयले राष्ट्रिय कर दिवस २०८० का अवसरमा आयोजित कर सप्ताह समापन समारोहमा बैंक तथा वित्तीय संस्थाअन्तर्गत सर्वाधिक कर तिर्ने करदाताका रुपमा समेत उसलाई सम्मान गरेको छ ।

व्यवसायको गुणात्मक वृद्धिका लागि लक्ष्य सन् २०२५ अनुशरण गरी कार्यसम्पादन गर्दै आइरहेको बैंकले प्रविधिमैत्री बैंकिङ सेवा तथा सुविधाको पहुँच विस्तार गरी सन् २०२५ सम्म आफ्नो व्यवसाय दोब्बर बनाउने लक्ष्य लिएको छ ।

# आज अन्तर्राष्ट्रिय...

...आसन्न भारत पा विवाद, मध्यपूर्व र पश्चिमा देशहरूको तनाव, उत्तर दक्षिण कोरिया विवाद लगायतहरुमा राष्ट्रसंघले तटस्थताको पैरवी र मध्यस्थतताको कार्य गर्दै आएको छ । विशेषगरी विश्वयुद्धताका ध्रुविकृत भएका देशहरूमा विश्व परिवेश भन्दा पनि गुटवन्दी र समूहको प्रभाव बढी देखिएको थियो । अबको विश्वमा सबै राष्ट्रहरूको सार्वभौमिकताको पहिचान स्वीकार गर्दै तटस्थ र शान्ति मैत्री विश्व समाजको अवधारणा यस दिवसले अघि सारेको छ ।

राजनीतिक द्वन्द्व, संकट युद्वसमेतबाट आक्रान्त भइरहेका वखत कूटनीतिसमेत प्रतिक्रियामा आधारित भई विकास भइरहेको समयमा द्वन्द्व संकट र युद्वसमेतलाई रोक्ने ध्येयले थालनी भएको 'प्रिभेन्टिभ डिप्लोमेसी'को आरम्भसमेत मान्ने गरिएको यो दिवस नेपालजस्ता विकासोन्मुख देशहरूका लागि उपयोगी हुने ठानिएको छ । त्यसो त आजको भूमण्डलीकृत विश्वमा तटस्थ र असंलग्न भन्ने कुरा सम्भव छैन पनि भन्ने गरिन्छ । तथापि असंलग्न आन्दोलनले विश्व राजनीतिमा आफ्नो प्रभाव छाडेर निष्क्रिय बनेको अवस्थामा तटस्थता आन्दोलनको आरम्भ एक हिसाबले राजनीतिक र कूटनीतिक महत्वको विषय बन्न पुगेको छ ।

## खेलकुद समाचार

# म्यानचेष्टर सिटीको पुनरागमन जित



**काठमाडौं,** मंसिर २५/बर्नार्डो शिल्भा र ज्याक ग्रिलिसले दोस्रो हाफमा गरेको गोल मदतमा म्यानचेष्टर सिटीले प्रिमियर लिगमा लुटन टाउन विरुद्ध २-१ को पुनरागमन जित निकालेको छ ।

घरेलु मैदानमा भएको खेलमा इमानुएल एबडेबायोले पहिलो हाफको इन्जुरी टाइममा गोल गर्दै लुटनलाई अग्रता दिलाएका थिए । तर दोस्रो हाफमा सिटीले दुई गोल फर्कायो । ६२औं मिनेटमा बर्नार्डो शिल्भाले सिटीका लागि बराबरी गोल गरे । त्यसको तीन मिनेट पछि नै ग्रिलिसले जुलियन अल्भारेजको पासमा गोल गर्दै सिटीलाई पहिलो पटक अग्रता दिलाए । त्यही अग्रता कायमराख्दै सिटी विजयी भयो । जितपछि सिटीले चार खेलको जितविहीन यात्रा टुङ्ग्याएको छ र १६ खेलबाट ३३ अंक जोडेर चौथो स्थानमै छ । शीर्ष स्थानको लिभरपुल भन्दा चार अंकले पछि रहेको सिटीले तेस्रो स्थानको एस्टन भिल्लासँग अंक दुरी दुईमा झारेको छ ।

यस्तै रिचार्लिसनको दुई गोलमा टोटनहमले न्युकासल युनाईटेडलाई ४-१ ले पराजित गरेको छ । टोटनहमका लागि डेस्टिनी उडोगिई र हेउन मिन सनले पनि एक-एक गोल गरे । जितपछि १६ खेलबाट ३० अंक सहित टोटनहम पाँचौ स्थानमा छ । समान खेलबाट २६ अंकसहित न्युकासल सातौं स्थानमा छ । लिगकै अर्को खेलमा आइतबार चेल्सी एभरटनसँग २-० ले पराजित भयो । एभरटनले सन् २०२१ पछि लिगमा पहिलो पटक लगातार तेस्रो जित हात पारेको हो । एभरटनलाई जिताउन अब्दोउलाय डाउकुरे र लेविस डोबिनले दोस्रो हाफमा गोल गरे । कारवाहीका कारण १० अंक गुमाएको एभरटन १६ खेलबाट १३ अंक जोडेर १७औं स्थानमा छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सेयर बजार फेरि ओरालो यात्रातिर



**पाल्पा,** मंसिर २५/साताको पहिलो सेयर कारोबार दिन आइतबार तीन पटक सकारात्मक सर्किट ब्रेक लागेर बन्द भएको सेयर बजार सोमबार भने दोहोरो अंकले ओरालो लागेको छ । आइतबार १ एक सय ११ दशमलव २० अंकले बढेर अप्रत्याशित तरिकाले मच्चिएको शेयर बजार सोमबार पुनः ओरालो लागेको हो ।


सोमबार १५ दशमलव ४० अंकले ओरालो लागेको शेयर बजार १ हजार ९ सय ४८ दशमलव ५७ विन्दुमा पुगेर बन्द भएको छ । ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ३३ अंकले ओरालो लागेर तीन सय ६९ दशमलव ४१ मा सीमित भएको छ । कूल एक करोड ४६ लाख ९८ हजार पाँच सय १७ कित्ता शेयर चार अर्ब ८४ करोड २७ लाख ७४ हजार तीन सय ८६ मूल्यमा खरिदबिक्री भएका छन् । कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको २५ करोड १५ लाख ६० हजार छ सय सात बराबरको कारोबार भएको छ । रिलायबल नेपाल लाइफ इन्स्योरेन्स १६ करोड ५७ लाख ६६ हजार आठ सय ६०, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी १४ करोड ५६ लाख ७६ हजार नौ सय ८८, माउण्टेन इनर्जी १४ करोड ४० लाख ६९ हजार नौ सय २१ र शिवम् सिमेन्ट १३ करोड ७३ लाख १७ हजार दुई सय ६१ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार, बोटलर्स नेपाल बालाजु, सामुदायिक लघुवित्त, डोल्टी पावरको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, हाथवे इन्भेस्टमेन्ट नौ दशमलव ९० र इन्फिनिटी लघुवित्तका लगानीकर्ताले नौ दशमलव ६० प्रतिशतले कमाएका छन् । समता घरेलु लघुवित्त सात दशमलव १५, मन्दाकिनी हाइड्रोपावर पाँच दशमलव ८७, स्वाभिमान लघुवित्त पाँच दशमलव ४७, एशियन हाइड्रोपावर पाँच दशमलव ३८ र अपर स्याङ्गे हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव २६ प्रतिशतले गुमाएका छन् ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई